# मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी, मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१
चलानी नं.:


मिति : २०८०/१०/२१

## मिति २०८०/१०/२० गते Legend's Of Janakpur नामको फेसबुक आइ.डी. बाट प्रकासित पोस्ट बारे

# प्रेस विज्ञप्ति

मिति २०८०/१०/२० गते शनिबारका दिन **Legend's Of Janakpur** नामको फेसबुक आइ.डी. बाट प्रकासित पोस्टमा **" महोत्तरी जिल्लाको मनरा सिस्वा नगरपालिका का जनप्रतिनिधिहरूले एक वर्षमा ४८ लाख ६७हजार बराबरको भात र खाजा खाएका छन् "** शिर्षकमा आएको पोस्ट प्रति यस नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । म नगर प्रमुखमा निर्वाजित भई यस पालिकाको नगर प्रमुख भई नगरको सेवकको रुपमा काम काज गर्दै जादा नगर बासिहरुलाइ स्थानीय सरकारको प्रत्याभूति दिलाउन अहोरात्र खटि सेवामा तल्लिन रहेको अवस्थामा उल्लेखित भएको विषयमा म मेरो कार्यकालमा नगरमा हुने बिभिन्न क्रियाकलाप तथा अतिथि सत्कार बाहेक कुनै किसिमको खाना तथा नास्तामा खर्च नभएको /नगरिएको जानकारी गराउदै यस विषयका सन्दर्भमा सत्यतथ्य नबुझि चरित्र हत्या हुने गरि भ्रामक र झुठा विषयहरु पोस्ट प्रकाशित गरिएकोमा सो को खण्डन गर्दै उक्त पोस्ट प्रति घोर खेद प्रकट गर्दछु । फेक आइ.डी. हरु संचालन गरि लुकेर गलत भ्रामक पोस्टगरि नगरवासीहरुलाई भ्रममा राख्ने काम नगर्न नगराउन सचेत गराउदै कुनै पोस्ट गर्दा तथ्य परक पोस्टहरु मात्र प्रकाशन गर्न अनुरोध गर्दछौं । साथै भ्रामक तथा झुठा पोस्टहरु सम्प्रेशण गर्ने सम्बन्धित व्यक्तिहरुलाई कानुन बमोजिम कडा कारवाहीको माग गर्दै यस्ता फेक आइ.डी. बन्द गरिदिन भनि सम्बन्धि निकायलाई आग्रह गर्दछु ।

**मोहन पाण्डेय**
**नगर प्रमुख**



Website: www.manramun.gov.np E-mail: manarasishwamun.gov@gmail.com